
नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

वर्ष ८, अंक १० , माघ




# अपराध अनुसन्धान

## मासिक ई-बुलेटिन

प्रविधिको सहयोगमा वस्तुनिष्ठ अनुसन्धान ।
विश्वासिलो अभियोजन: पीडितको सम्मान ॥

नेपाल प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग

मासिक ई-बुलेटिन

# विषय सूची


| शीर्षक | पृष्ठ |
| --- | --- |
| विभागीय गतिविधि | १ - २ |
| अपराध तथ्याङ्क | ३ - १० |
| प्रहरी सेवा प्रवाह | ११- १४ |
| खोजतलास तथा समन्वय | १५ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १६ - १८ |
| अपराध समाचार | १९ - २३ |
| उत्कृष्ट अनुसन्धान | २४ |
| सम्पादक मण्डल | २५ |

मासिक ई-बुलेटिन

# विभागीय गतिविधिहरु

## धन्यवाद तथा शुभकामना कार्यक्रम सम्पन्न



***काठमाडौं, ९ माघ***

अपराध अनुसन्धान विभाग महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयबाट सरुवा भई जिल्ला प्रहरी कार्यालय झापा जान लाग्नु भएका प्रहरी उपरीक्षक बसुन्धरा खड्काज्यू र यस विभागबाट जिल्ला प्रहरी कार्यालय सिरहा सरुवा हुनु भएका प्रहरी उपरीक्षक बासुदेव पाठकज्यूलाई विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक शुसील सिंह राठौरज्यूले मांयाको चिनो सहित विदाई तथा सुभकामना दिनु भयो। विदाई भई जान लाग्नु भएका प्रहरी उपरीक्षकज्यूहरुले आ-आफ्नो तर्फबाट मन्तव्य व्यक्त गर्नु भयो । कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकज्यू ,प्रहरी नायव महानिरीक्षकज्यूहरु, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरु , प्रहरी उपरीक्षकज्यूहरु, प्रहरी नायव उपरीक्षकज्यूहरु , प्रहरी निरीक्षकज्यूहरु लगायत अन्य दर्जाको समेतको उपस्थिती रहेको थियो।

## Mission बाट फिर्ता हुनु भएका प्रहरी अधिकृतहरुको स्वागत कार्यक्रम सम्पन्न



***काठमाडौं, २१ माघ***

Unied Nation Organization Stabilization Mission in the Democratic Republic of Congo (MONUSCO) बाट एक वर्षे कार्यकाल सम्पन्न गरी स्वदेश फिर्ता हुनु भएको प्रहरी नायव उपरीक्षक अन्जना श्रेष्ठ, प्रहरी नायव उपरीक्षक नवराज ढुंगेल र प्रहरी निरीक्षक सुष्मा कठेतज्यूलाई अपराध अनुसन्धान विभागका प्रहरी नायव महानिरीक्षक सानुराम भट्टराईज्यूले प्रशंसा पत्र सहित स्वागत गर्नु भयो। कार्यक्रममा प्रहरी नायव महानिरीक्षकज्यू, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरु ,प्रहरी उपरीक्षकज्यूहरु, प्रहरी नायव उपरीक्षकज्यूहरु , प्रहरी निरीक्षकज्यूहरु तथा अन्य दर्जाका प्रहरी कर्मचारीहरुको उपस्थिती रहेको थियो।

## अपराध अनुसन्धान र शान्ति सुरक्षामा सञ्चार माध्यमको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न



***काठमाडौं, २६ माघ***

प्रहरी महानिरीक्षक दान बहादुर कार्कीज्यूको प्रमुख आतिथ्यतामा नेपाल प्रहरी प्रधान कार्यालय नक्सालमा आयोजित विशेष समारोहबीच अपराध अनुसन्धान र शान्ति सुरक्षामा सञ्चार माध्यमको भूमिका विषयक एकदिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौरज्यूले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष निर्मला शर्माले आफ्नो शुभकामना मन्तव्य व्यक्त गर्नु भयो । सञ्चारकर्मीहरूलाई अपराध अनुसन्धान प्रक्रियाको बारेमा जानकारी प्रदान गर्नु, नेपाल प्रहरी र सञ्चार माध्यमबीच प्रभावकारी सहयोग आदान प्रदानको रूपरेखा स्थापित गर्ने, दुवै पक्षको आ-आफ्नो भूमिका, साझा चुनौती र नैतिक द्विविधा सम्बोधन गर्ने, अपराध अनुसन्धानमा सञ्चार माध्यमको भूमिका, सार्वजनिक धारणा साथै यसको प्रभावको विश्लेषण गर्ने एवम्

अपराध अनुसन्धान र अनुसन्धानात्मक प्रक्रियामा सञ्चार माध्यमको प्रभाव पहिचान गर्ने यस अन्तरक्रिया कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो ।

## IT for Senior Officer Training सम्पन्न



***काठमाडौं, ११ माघ***

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जको तत्वाधानमा नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूको प्रमुख आतिथ्यतामा मिति २०८२।१०।०६ गते देखि मिति २०८२।१०।११ गतेसम्म संचालित IT for Senior Officer Training सम्पन्न भयो । उक्त तालिममा प्रहरी नायव उपरीक्षक ४ जना र प्रहरी निरीक्षक ३१ जना गरी जम्मा ३५ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो । IT for Senior Officer Training सफलतापूर्वक सम्पन्न गरेकोमा सहभागीहरुलाई प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूले बधाई व्यक्त गर्नुका साथै प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण गर्नु भयो ।

## इन्टरपोलबाट डिफ्युजन जारी भएका फरार व्यक्ति फिलिपिन्सबाट पक्राउ





***काठमाडौं, २८ माघ***

आपराधिक लाभ (एक्स्टर्सन) लिन नहुने र आपराधिक षड्यन्त्र गर्न नहुने कसुरमा इन्टरपोलबाट डिफ्युजन जारी भएका फरार प्रतिवादी काभ्रे ठेगाना भएका प्रकाश पाठक पक्राउ परेका छन् । एनसिबि मनिला, फिलिपिन्सको समन्वयमा फिलिपन्सबाट पक्राउ परेका उनलाई सम्बन्धित मुद्दामा कारवाही गर्ने/ गराउने प्रयोजनार्थ नेपाल फिर्ता ल्याइएको छ । काठमाडौं जिल्ला अदालतबाट आपराधिक लाभ (एक्स्टर्सन) लिन नहुने र आपराधिक षड्यन्त्र गर्न नहुने कसुरमा पक्राउ अनुमति प्राप्त भई फरार रहेका उनलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलासको लागि इन्टरपोल शाखाको अनुरोधमा इन्टरपोल महासचिवालयबाट २०८२ मंसिर १७ गते उनी विरूद्ध डिफ्युजन जारी भएको थियो । उनलाई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको नेपाल प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाले जनाएको छ ।




# अपराध तथ्याङ्क


## उपत्यका र प्रदेशगत पछिल्लो ५ आ.व.को कुल मुद्दा दर्ता र फछ्र्यौट संख्या
(आ.व. ०७८/०७९ देखि आ.व. ०८२/०८३)




## काठमाडौं उपत्यका तथा प्रदेशगत मासिक कुल मुद्दा दर्ता तथ्याङ्क





## काठमाडौं उपत्यका र प्रदेशगत त्रैमासिक मुद्दा दर्ता संख्या (मंसिर - माघ)




## उपत्यका र प्रदेशको शीर्षकगत मुद्दा दर्ता संख्या





## आत्महत्याको उपत्यका तथा प्रदेशगत मासिक तथ्याङ्क




## बैंकिङ कसूरको उपत्यका तथा प्रदेशगत मासिक तथ्याङ्क





## जघन्य अपराधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक मुद्दा दर्ता संख्या




## गम्भीर अपराधको प्रदेशगत मासिक मुद्दा दर्ता सख्या




## सम्पत्ती शुद्दीकरणको उपत्यका र प्रदेशगत मासिक मुद्दा दर्ता सख्या




## २०८२ साल माघ महिनामा घरेलु हिंसा सम्बन्धी विवरण





## २०८२ साल माघ  महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| सि.नं. | प्रदेश/उपत्यका/व्यूरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ४४३ | ६६ वर्ष ३ महिना ५  दिन | ३०३०६५७२ |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | ३०२ | ७३ वर्ष १ महिना १९ दिन | ११३४१५७५ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ३६३ | ११६ वर्ष ७ महिना १४ दिन | ४७४३७८१ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | २२६ | ४२ वर्ष ५ महिना १५दिन | ७७३००८६ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ६४ | ८७ वर्ष १  महिना १६ दिन | २७८४८६२ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | १८९ | ८४ वर्ष ४ महिना ६ दिन | ७५५२९८८ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ३५ | ३६ वर्ष १० महिना २५ दिन | ११९८८४३ |
| ८. | सुदरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ११४ | ६१ वर्ष ८ महिना १६ दिन | ६७२३७८ |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, लाजिम्पाट | ६ | २ वर्ष  ० महिना २५  दिन | ५८०४५०० |
| **जम्मा** | | **१७४२ जना** | **५७० वर्ष ७ महिना २१ दिन** | **रु. ७,२१,३५,५८४।-** |


## लागू औषधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक मुद्दा दर्ता संख्या




## लागु औषध मुद्दाको अभियुक्त पक्राउ सम्बन्धी काठमाडौं उपत्यका र प्रदेशगत मासिक तथ्याङ्क




## साईबर अपराध काठमाडौं उपत्यका र प्रदेशगत मासिक उजुरी, मुद्दा दर्ता र अभियुक्त पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## २०८२ साल माघ महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८२ साल माघ महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | विवरण | प्रगति | |
|---|---|---|---|
| | | दर्ता | बितरण |
| १. | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/वितरण | १५८०२५ | ११८०७७ |
| २. | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानिय प्रशासन तथा प्रदेश समन्वय शाखाबाट Security Clearance को लागि प्राप्त | २ | २ |
| ३. | अध्यागमन विभाग | २१६ | २१७ |
| ४. | नागरिक उड्डयान प्राधिकरण | ४ | ४ |
| ५. | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | ५ | ४ |
| ६. | औंठाछाप प्रमाणिकरण | ६६ | ६६ |
| ७. | कारागार | २ | २ |
| | अन्य | २ | २ |
| जम्मा | | १५८३२२ | ११८३७४ |


## सामुदायिक प्रहरी गतिविधि

२०८२ साल माघ महिनामा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :
(गृह प्रशासन सुधार कार्ययोजना २०७८, बुँदा नं. १२४ कार्यक्रमहरू)




# आसरा सुधार केन्द्र रानीबारी

## २०८२ साल माघ महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





# आसरा सुधार केन्द्र पानवारी , धरान सुनसरी

## २०८२ साल माघ महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या



# आसरा सुधार केन्द्र, फुलवारी धनगढी कैलाली

## २०८२ साल माघ महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





## २०८२ साल माघ महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण


| सि.न. | कार्य विवरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | ८ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | १३ जना |
| ३. | हराएका विदेशी नागरिकहरु | २ जना |
| ४. | नेपालको विभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको विवरण | ११,८५७ जना |
| ५. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको । | ४ जना |

# खोजतलास तथा समन्वय

## २०८२ साल माघ महिनामा हराएका, फेला परेका तथा खोजतलास जारी रहेका बालबालिकाहरुको संख्या




## २०८२ साल माघ महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण संख्या




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

- Digital Forensics Lab बाट २०८२ सालको माघ महिनामा बिभिन्न १६ वटा मुद्दा शीर्षक (चोरी, किर्ते, ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव बेचबिखन, बिद्युतीय अपराध, जबरजस्ती करणी, कर्तव्य ज्यान, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसूर, अनलाईन ठगी, वेवारीसे लास, भबितव्य ज्यान) अन्तर्गत ९९ वटा मुद्दाको ५१८ वटा सबुदहरु परीक्षण गरिएको ।

## दूरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

- माघ महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी इकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराएको ।




## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौबाट २०८२/१०/०१ गतेदेखि २०८२/१०/२९ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **३८४** केशहरुको **२०२०** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी **३५३** केशहरुको **२६५०** नमूनाहरु परीक्षण गरिएकोमा **५१९०** केशहरुको **२२०६४** नमुनाहरु पेण्डिङ रहेको।
- मिति २०८२/१०/०१ गतेदेखि २०८२/१०/२९ गतेसम्म यस प्रयोगशालाबाट (AFIS) मा **२२८२** DATA Entry भएको।
- नेपाल प्रहरी प्रदेश कार्यालय, नेपाल प्रहरी विधि विज्ञान प्रयोगशाला, धरान, सुनसरीबाट २०८२/१०/०१ गतेदेखि २०८२/१०/२९ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **१९६** केशहरुको **७३१** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी **२२८** केशहरुको **८३९** नमूनाहरु परीक्षण गरिएकोमा **४४४** केशहरुको **१६५७** नमुनाहरु पेण्डिङ रहेको।
- नेपाल प्रहरी प्रदेश कार्यालय, नेपाल प्रहरी विधि विज्ञान प्रयोगशाला, भैरहवा, रुपन्देही (हाल गणेशमानचोक, नेपालगंज, बाँके) बाट २०८२/१०/०१ गतेदेखि २०८२/१०/२९ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **६१** केशहरुको **२०७** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी **७२** केशहरुको **१९२** नमूनाहरु परीक्षण गरिएकोमा **११०** केशहरुको **३६१** नमुनाहरु पेण्डिङ रहेको।
- नेपाल सरकार परराष्ट्र मन्त्रालय अन्तर्गत राहदानी विभाग त्रिपुरेश्वर काठमाण्डौमा यस प्रयोगशाला अन्तर्गत फोरेन्सिक इकाईबाट मिति २०८२/१०/०१ गतेदेखि २०८२/१०/२९ गतेसम्म डकुमेन्ट भेरिफाई नागरिक्ता-० औंठाछाप -१६, फोटो-०८, हस्ताक्षर-०२ समेत गरी जम्मा – २६ प्राप्त भई प्रमाणिकरण गरिएको।
- नेपाल प्रहरी अपराध अनुसन्धान विद्यालय महाराजगंज, काठमाण्डौमा मिति २०८२/०८/२१ गतेदेखि सञ्चालन भईरहेको ६१ कार्यदिन अवधिको आवासीय "घटनास्थल अधिकृत आधारभुत तालिम (Initial Scene of Crime Officers Training) (जु.प्र.अ.) " ४५ औं समूहमा सहभागी प्रशिक्षार्थीहरुलाई मिति २०८२/१०/०१ गतेदेखि मिति २०८२/१०/२९ गतेसम्म यस प्रयोगशालाका **१३ जना** विशेषज्ञहरुद्वारा प्रशिक्षण प्रदान गरिएको ।
- नेपाल प्रहरी अपराध अनुसन्धान विद्यालय महाराजगंज, काठमाण्डौमा मिति २०८२/०८/२१ गतेदेखि सञ्चालन भईरहेको ६१ कार्यदिन अवधिको आवासीय "घटनास्थल अधिकृत आधारभुत तालिम (Initial Scene of Crime Officers Training) (जु.प्र.अ.) " ४५ औं समूहमा सहभागी २४ जना प्रशिक्षार्थीहरुलाई मिति २०८२/१०/०४ गते र मिति २०८२/१०/२५ गते यस प्रयोगशालाका विभिन्न शाखामा अवलोकन भ्रमण गराइएको ।
- United Nation Office On Drugs and Crime Regional Office for South Asia, New Delhi को आयोजनामा मिति २०८२/१०/२० गतेदेखि मिति २०८२/१०/२४ गते (तदानुसार February 3-7, 2026) सम्म Hotel Soaltee, Kathmandu मा सञ्चालन हुने Training on Crime Scene Investigation and Special Investigative Techniques in Relation to Synthetic Drugs विषयक तालिममा यस प्रयोगशालाबाट १ जना सि.प्र.अ. र नेपाल प्रहरी प्रदेश कार्यालय, नेपाल प्रहरी विधि विज्ञान प्रयोगशाला, धरान, सुनसरीबाट १ जना जु.प्र.अ. उक्त तालिममा सहभागि भएको।
- त्रिभुवन विश्वविद्यालय नेपाल ल क्याम्पस प्रदर्शनी मार्ग, काठमाण्डौमा बी.ए.एलएल.बी. नबौं सिमेष्टरमा अध्ययनरत २ जना विद्यार्थीहरुलाई Seminar-II (Non-Doctrinal) तयार पार्ने सन्दर्भमा "Role of Forensic Evidence in Investigating Crimes" र "Role of Forensic Psychology" शिर्षकमा Report तयार गर्न मिति २०८२/१०/१४ गते यस प्रयोगशालाबाट सहयोग गरेको।

## केनाईन (Canine) महाशाखा, महाराजगञ्ज

### २०८२ साल माघ महिनामा केनाईन परिचालित संख्या



# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### हत्या गरेको अभियोगमा पक्राउ

***भक्तपुर, १ माघ***

आफ्नै श्रीमती ३८ वर्षीया लाल माया तामाङको हत्या गरेको अभियोगमा भक्तपुर नगरपालिका-३ वंशगोपाल डेगोमना डेरा गरी बस्ने काभ्रे तेमाल गाउँपालिका-९ घर भएका ३७ वर्षीय लनाम तामाङलाई प्रहरीले पक्राउ गरेको छ। लनामले वादविवादको क्रममा सिलौटो प्रहार गर्दा लाल मायाको मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी परिसर भक्तपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***गुल्मी, १५ माघ***

आफ्नै छोरा ३ महिनाको सुवास कुमालको हत्या गरेको अभियोगमा इश्मा गाउँपालिका-२ छल्दीटार बस्ने ४६ वर्षीय सन्त बहादुर कुमाललाई प्रहरीले पक्राउ गरेको छ। सन्त बहादुरले मादक पदार्थ सेवन गरी सुवासको हत्या गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी हस्तिचौरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### आफ्नै श्रीमतीको हत्या गरेको अभियोगमा पक्राउ

***सुनसरी, १२ माघ***

आफ्नै श्रीमती ३० वर्षीया हिरा दाहालको हत्या गरेको अभियोगमा धनगढी उपमहानगरपालिका-१३ राजपुर डेरा गरी बस्ने सोही उपमहानगरपालिका-८ घर भएका सतिङ दाहाललाई प्रहरीले पक्राउ गरेको छ। घरायसी बादबिबादको क्रममा सतिङले कुटपिट गर्दा गम्भीर घाइते भएकी हिराको सेती प्रादेशिक अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले सेती प्रादेशिक अस्पताल नजिकबाट सतिङलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ। हत्या गरेको अभियोगमा पक्राउ

### हत्या गरेको अभियोगमा पक्राउ

***ललितपुर, १६ माघ***

आफ्नै श्रीमती २३ वर्षीया कोपिला नेपालीको हत्या गरेको अभियोगमा गोदावरी नगरपालिका-७ देउराली डाँडा बस्ने २७ वर्षीय बिनोद तामाङलाई प्रहरीले पक्राउ गरेको छ। बिनोदले बिबादको क्रममा कोपिलालाई चिरपट प्रहार गर्दा घटनास्थलमै मृत्यु भएको भनि प्रहरी चौकी टिकाभैरवमा गई जानकारी गराएपश्चात प्रहरीले बिनोदलाई नियन्त्रणमा लिएको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***संखुवासभा, १८ माघ***

चैनपुर नगरपालिका-१० इखम्बु बस्ने ४७ वर्षीय लिला प्रसाद राईको हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ५९ वर्षीय शिव कुमार राईलाई प्रहरीले पक्राउ गरेको छ। आपसी वादविवादको क्रममा शिव कुमारले खुकुरी प्रहार गर्दा लिला प्रसादको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय चैनपुर र प्रहरी चौकी खराङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***पर्सा, २३ माघ***

वीरगंज महानगरपालिका-१३ राधेमाई बस्ने ६५ वर्षीय केपि चन्द राउत बरईको हत्या गरेको अभियोगमा सोही महानगरपलिका-२३ प्रसौनी बस्ने ३२ वर्षीय मुन्ना भन्ने अर्जुन यादवलाई प्रहरीले पक्राउ गरेको छ। वादविवादको क्रममा अर्जुनले कुटपिट गर्दा गम्भीर घाइते भएका केपि चन्दको तराई हस्पिटल वीरगंजमा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ वडा प्रहरी कार्यालय श्रीपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## बैकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### विभिन्न धनमाल चोरी

***काठमाडौं८ , माघ***

तारकेश्वर नगरपालिका-१० मनमैंजु डेरा गरी बस्ने म्याग्दी धौलागिरी नगरपालिका-७ घर भएकी ४५ वर्षीया एलिजिबा पुनको कोठाबाट सुन तथा चाँदीका विभिन्न गरगहना समेत गरी करिब २१ लाख ८५ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### कुक आइसल्याण्ड पठाइदिन्छु भन्दै ठगी गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, ९ माघ***

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी कुक आइसल्याण्ड पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा कागेश्वरी मनोहरा नगरपालिका-९ बस्ने रामेछाप खाँडादेवी गाउँपालिका-१ घर भएका ३१ वर्षीय रोज बहादुर श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। रोज बहादुरले कुक आइसल्याण्ड पठाइदिन्छु भन्दै १ जना पीडितबाट १२ लाख ४० हजार रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने उजुरीको आधारमा काठमाडौं उपत्यका

अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनलाई कागेश्वरी मनोहरा नगरपालिका-७ बाट पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## विभिन्न धनमाल चोरी

***काठमाडौं, ९ माघ***

तारकेश्वर नगरपालिका-६ धर्मस्थली बस्ने ४३ वर्षीय मोहन बाबु श्रेष्ठको घरबाट सुनका विभिन्न गरगहना र नगद समेत गरी करिब १६ लाख ६१ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## वैदेशिक रोजगारीमा विभिन्न देश पठाइदिन्छु भन्दै ठगी गर्ने चार जना पक्राउ

***काठमाडौं, १३ माघ***

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-३ बस्ने स्याङ्जा चापाकोट नगरपालिका-९ घर भएका ४४ वर्षीय कृष्ण कुँवर, काठमाडौं कागेश्वरी मनोहरा नगरपालिका-६ बस्ने मकवानपुर हेटौंडा उपमहानगरपालिका-६ घर भएकी २६ वर्षीया मनिषा अधिकारी, काठमाडौं महानगरपालिका-२६ बस्ने गुल्मी रेसुङ्गा नगरपालिका-६ घर भएका ४८ वर्षीय भक्त प्रसाद मरासिनी र काठमाडौं नागार्जुन नगरपालिका-९ बस्ने चितवन राप्ती नगरपालिका-३ घर भएका २७ वर्षीय सरल आचार्य रहेका छन्। पक्राउ मध्ये कृष्णले सर्विया पठाइदिन्छु भन्दै १ जना पीडितबाट २ लाख ५० हजार रूपैयाँ, मनिषाले क्यानडा पठाइदिन्छु भन्दै १ जना पीडितबाट २ लाख ५० हजार रूपैयाँ, भक्त प्रसादले रोमानिया पठाइदिन्छु भन्दै १ जना पीडितबाट २ लाख २५ हजार रूपैयाँ र सरलले युएई पठाइदिन्छु भन्दै १ जना पीडितबाट २ लाख ६२ हजार रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले कृष्णलाई काठमाडौं महानगरपालिका-३ बाट, मनिषालाई काठमाडौं कागेश्वर मनोहरा नगरपालिका-६ बाट र भक्त प्रसादलाई काठमाडौं महानगरपालिका-१२ बाट सरललाई काठमाडौं महानगरपालिका-२६ बाट पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## विभिन्न धनमाल चोरी

***झापा, १५ माघ***

बिर्तामोड नगरपालिका-१ पञ्चकन्या प्लटिङ बस्ने पुनम देवी साहको घरबाट सुन तथा चाँदीका विभिन्न गरगहना र नगद समेत गरी करिब १९ लाख रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## विभिन्न धनमाल चोरी

***काठमाडौं, १८ माघ***

टोखा नगरपालिका-३ बस्ने तिल सरा पुर्जाको घरबाट सुनका विभिन्न गरगहना र नगद समेत गरी करिब १९ लाख ५० हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## न्यूजिल्याण्ड र ग्रीस पठाइदिन्छु भन्दै ठगी गर्ने दुई जना पक्राउ

***काठमाडौं, २० माघ***

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी न्यूजिल्याण्ड र ग्रीस पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-३१ बस्ने धादिङ थार्के गाउँपालिका-७ घर भएका २४ वर्षीय अन्जन भुजेल र काठमाडौं महानगरपालिका-२६ बस्ने सल्यान वनगाड कुपिण्डे नगरपालिका-४ घर भएका ३१ वर्षीय नविन दमाई रहेका छन्। पक्राउ मध्ये अन्जनले न्यूजिल्याण्ड पठाइदिन्छु भन्दै ५ जना पीडितहरूबाट १७ लाख १० हजार रूपैयाँ र नविनले ग्रीस पठाइदिन्छु भन्दै २ जना पीडितहरूबाट २ लाख ६० हजार रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले अन्जनलाई काठमाडौं महानगरपालिका-३१ बाट र नविनलाई काठमाडौं महानगरपालिका-३२ बाट पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## स्रोत नखुलेको नगद सहित एक जना पक्राउ

***कास्की, २२ माघ***

पोखरा महानगरपालिका-३ अधिकारी टोलबाट स्रोत नखुलेको नगद २१ लाख ७६ हजार रूपैयाँ सहित सोही महानगरपालिका-२ मोहरिया टोल बस्ने ३४ वर्षीय तम्रम पाललाई प्रहरीले पक्राउ गरेको छ।जिल्ला प्रहरी कार्यलाय कास्कीबाट खटिएको प्रहरीले ग.९ प ८३०७ नम्बरको स्कुटरमा सवार उनलाई उक्त नगद सहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## डाँका तथा ज्यान मार्ने उद्योग मुद्दाका फरार प्रतिवादी पक्राउ

***काठमाडौं, २९ माघ***

डाँका तथा ज्यान मार्ने उद्योग मुद्दाका फरार प्रतिवादी गोकर्णेश्वर नगरपालिका-४ गोकर्ण बस्ने दोलखा शैलुङ गाउँपालिका-४ घर भएका ३९ वर्षीय राकेश भन्ने धावा छिरिङ तामाङलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला अदालत दोलखाको २०७४ पुस ४ गतेको फैसलाले डाँका तथा ज्यान मार्ने उद्योग मुद्दामा तामाङ समेतलाई

जनही १० वर्ष कैद र १ लाख १ सय ८९ रूपैयाँ क्षतिपूर्ति ठहर भई फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले गोकर्णेश्वर नगरपालिका-४ गोकर्णबाट पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत काठमाडौंमा पेश गरिएको छ ।

## यौनजन्य अपराध

### जबरजस्ती करणी गरेको अभियोगमा दुई जना पक्राउ

***काठमाडौं, ३ माघ***

सुनसरी, १७ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा इटहरी उपमहानगरपालिका-१६ टिकुलिया टोल बस्ने २७ वर्षीय अमन सदालाई प्रहरीले पक्राउ गरेको छ । अमनले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय पकलीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***दैलेख, ९ माघ***

८ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा दुल्लु नगरपालिका-१ नाउले गाउँ बस्ने २० वर्षीय दिपक नेपालीलाई प्रहरीले पक्राउ गरेको छ । दिपकले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय दुल्लुबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***झापा, ९ माघ***

१६ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा गौरादह नगरपालिका-८ झारवारी बस्ने ३१ वर्षीय कृष्ण कुमार राजवंशीलाई प्रहरीले पक्राउ गरेको छ । कृष्णले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा अस्थायी प्रहरी पोष्ट जुरोपानीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***धनकुटा, २६ माघ***

१२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा चौबिसे गाउँपालिका-५ मुर्कुटेटार बस्ने २९ वर्षीय अजय लिम्बुलाई प्रहरीले पक्राउ गरेको छ । अजयले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय राजारानीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । साथै प्रहरीले उक्त घटनामा संलग्न १ जनालाई आवश्यक अनुसन्धानको लागि नियन्त्रणमा लिएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौंमाघ २८ ,***

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा कीर्तिपुर नगरपालिका-१० भत्केपाटी बस्ने भारत बततिया घर भएका २० वर्षीय विकाश शर्मालाई प्रहरीले पक्राउ गरेको छ । विकाशले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी कीर्तिपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***बाँके, १६ माघ***

१७ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बैजनाथ गाउँपालिका-६ एच गाउँ बस्ने खजुरा गाउँपालिका-७ घर भएका ३० वर्षीय अंगतराम अहिरलाई प्रहरीले पक्राउ गरेको छ। अंगतरामले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## लागु औषध सम्बन्धी

### करिब १ सय २१ किलो चरेस सहित दुई जना पक्राउ

***मकवानपुर, ७ माघ***

थाहा नगरपालिका-१० टौखेलबाट अवैध लागूऔषध चरेस जस्तो देखिने पदार्थ करिब १ सय २१ किलोग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही नगरपालिका-४ रूप्से बस्ने २९ वर्षीय घनश्याम बल तामाङ र कैलाश गाउँपालिका-५ बस्ने २१ वर्षीय सानुकान्छा थिङ रहेका छन् । इलाका प्रहरी कार्यालय पालुङ र इलाका प्रहरी कार्यालय चित्लाङबाट खटिएको प्रहरीले बा१५०७ह ००१-०३.प्र. नम्बरको अटोलाई जाँच गर्ने क्रममा १२ वटा रबरको डिब्बा भित्र लुकाई छिपाई ल्याएको उक्त पदार्थ फेला पारी अटो चालक घनश्याम र अटोमा सवार सानुकान्छालाई पक्राउ गरेको हो । यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### करिब १ सय ७२ किलो गाँजा बरामद

***मकवानपुर, १७ माघ***

भीमफेदी गाउँपालिका-२ भैसेस्थित सडकबाट अवैध लागूऔषध गाँजा करिब १ सय ७२ किलो ६ सय ग्राम प्रहरीले बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुर समेतबाट खटिएको प्रहरीलाई देख्नासाथ आँपचौरबाट भैसेतर्फ आउँदै गरेको प्रदेश ३-०१-०२४ च ४२७० नम्बरको पिकअप गाडी छोडी चालक फरार भए पश्चात पिकअप तलासी गर्दा उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो । प्रहरीले हाल फरार पिकअप चालकको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## अवैध लागूऔषध सहित ९ जना पक्राउ

***काठमाडौं, ४ माघ***

**मोरङ** ,विराटनगर महानगरपालिका-१५ बाट नियन्त्रित लागूऔषध नाइट्राजेपाम ४० ट्याब्लेट सहित सोही महानगरपालिका-११ बस्ने २० वर्षीय शिव कुमार रायलाई प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय रानीबा खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो।

**सुनसरी**, धरान उपमहानगरपालिका-१३ फुस्रे डेरा गरी बस्ने २८ वर्षीय रोमन भुजेललाई अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम ३ सय ९० मिलिग्राम सहित प्रहरीले पक्राउ गरेको छ। वडा प्रहरी कार्यालय धरान समेतबाट खटिएको प्रहरीले उनको कोठा तलासी गर्दा उक्त पदार्थ फेला पारी पक्राउ गरेको हो।

यसैगरी **सुनसरी,** धरान उपमहानगरपालिका-९ बगैंचालाइन बस्ने २८ वर्षीय राज कुमार राई समेत ३ जनालाई नियन्त्रित लागूऔषध ट्रामाडोल २ सय ६० ट्याब्लेट र स्पास्पेन २ सय ६० ट्याब्लेट सहित प्रहरीले पक्राउ गरेको छ। अस्थायी प्रहरी चौकी श्यामचोक धरानबाट खटिएको प्रहरीले राज कुमारको कोठा तलासी गर्दा उक्त लागूऔषध फेला पारी उनीहरूलाई पक्राउ गरेको हो ।

## अवैध लागूऔषध सहित विभिन्न स्थानबाट सात जना पक्राउ

***काठमाडौं, ९ माघ***

**मकवानपुर**, हेटौंडा उपमहानगरपालिका-१५ फारलाईन सेल्फि रोडबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ करिब ४ ग्राम ६ सय ९० मिलिग्राम सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही उपमहानगरपालिका-१२ बस्ने २८ वर्षीय उमेश विक, सोही उपमहानगरपालिका-४ बस्ने ५० वर्षीय देब लामा र राक्सिराङ गाउँपालिका-३ केराबारी बस्ने २९ वर्षीया सिर्जना दोङ रहेका छन्। जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीले हेटौंडा बजारबाट फारलाईनतर्फ जाँदै गरेको ना.२ ह ९४४ नम्बरको अटोलाई जाँच गर्ने क्रममा उक्त पदार्थ फेला पारी अटो चालक देब तथा अटोमा सवार उमेश र सिर्जनालाई पक्राउ गरेको हो।

**बर्दिया** ,बाँसगढी नगरपालिका-५ बाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ सय ३१ ग्राम ५ सय ४० मिलिग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको हो। पक्राउ पर्नेहरूमा भारत उत्तर प्रदेश बहराईच थाना मिहीपुर्वा बस्ने २१ वर्षीय हर्षित यादव र २२ वर्षीय अंकित कुमार रहेका छन्। लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय नेपालगंज र इलाका प्रहरी कार्यालय मोतीपुरबाट खटिएको प्रहरीले युपि ३२ पिटी ७४१० नम्बरको कारमा सवार उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो।

**सिराहा,** सिरहा नगरपालिका-३ मखनहा चोकबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब १५ ग्राम ४ सय ८० मिलिग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही नगरपालिका-१५ सुकचैना बस्ने २० वर्षीय चन्दन कुमार यादव र १९ वर्षीय जितेन्द्र कुमार यादव रहेका छन्। जिल्ला प्रहरी कार्यालय सिराहा र लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय गोलबजारबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आँउदै गरेको बीआर ३२ एक्स ६९६० नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध सहित दुई जना पक्राउ

***काठमाडौं ,११ माघ***

सिन्धुली ,कमलामाई नगरपालिका-९ भिमान बसपार्कबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ सय ९० मिलिग्राम सहित मोरङ सुन्दरहरैंचा नगरपालिका-५ बस्ने २५ वर्षीय संगम आचार्यलाई प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय भिमान र लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय बर्दिबासबाट खटिएको प्रहरीले इटहरीबाट काठमाडौंतर्फ आउँदै गरेको बागमती प्रदेश८८६०ख ००६-०१- नम्बरको हाइसलाई जाँच गर्ने क्रममा हाइसमा सवार उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो।

धनकुटा ,साँगुरीगढी गाउँपालिका ६-भेडेटार चोकबाट अवैध लागूऔषध गाँजा करिब १३ किलो ४ सय ग्राम सहित सहिदभूमी गाउँपालिका-५ बस्ने १९ वर्षीय रोहन राईलाई प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय भेडेटारबाट खटिएको प्रहरी उनलाई उक्त गाँजा सहित पक्राउ गरेको हो ।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध ब्राउनसुगर सहित एक जना पक्राउ

***बाँके, १३ माघ***

बैजनाथ गाउँपालिका-४ तिलकपुर बस्ने डिल बहादुर बुढाथोकीलाई अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ २ ग्राम ३ सय ७० मिलिग्राम र नगद १० हजार रूपैयाँ सहित प्रहरीले पक्राउ गरेको छ। प्रहरी बिट बानियाभारबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त पदार्थ फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध ब्राउनसुगर सहित दुई जना पक्राउ

***बाँके, १४ माघ***

नेपालगंज उपमहानगरपालिका-११ स्थित सिएसटि होटलबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब ६१ ग्राम २ सय मिलिग्राम, डिजिटल तराजु १ थान, ५१ हजार १ सय ६० नेपाली रूपैयाँ, १८ हजार भारतीय रूपैयाँ र मोबाइल ४ थान सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा बर्दिया बढैयाताल गाउँपालिका-५ जगतपुर बस्ने २५ वर्षीय सन्देश थारू र उनकै श्रीमती २३ वर्षीया कनिना थारू रहेका छन् । वडा प्रहरी कार्यालय नेपालगंजबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो। साथै प्रहरीले उनीहरूले प्रयोग गरेको भे.१० प ८२७५ नम्बरको मोटरसाइकल समेत बरामद गरेको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# अन्य अपराध

## संरक्षित वन्यजन्तु जीवित कछुवा खरिद बिक्री गर्ने कार्यमा संलग्न व्यक्ति पक्राउ

***काठमाडौं, १३ माघ***

संरक्षित वन्यजन्तु जीवित कछुवा खरिद बिक्री गर्ने कार्यमा संलग्न रहेको अभियोगमा ललितपुर, ललितपुर महानगरपालिका-३ धोबीघाट बस्ने चितवन भरतपुर महानगरपालिका-१६ घर भएका १९ वर्षीय रोहिम तिवारीलाई प्रहरीले पक्राउ गरेको छ।

अवैध रूपमा संरक्षित वन्यजन्तु जीवित कछुवा ओसारपसार गरी खरिद बिक्री गर्न बोकी हिंडेको भन्ने सूचनाको आधारमा केन्द्रीय अनुसन्धान ब्यूरो लाजिम्पाट खटिएको प्रहरीले उनलाई ललितपुर महानगरपालिका-३ धोबीघाट पक्राउ गरेको हो। प्रहरीले उनको साथबाट ६ वटा जीवित कछुवा समेत बरामद गरेको छ। उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि डिभिजन वन कार्यालय गोदावरी ललितपुरमा बुझाइएको छ।

## आठ थान भरूवा बन्दुक बरामद

***बागलुङ, २ माघ***

गलकोट नगरपालिका-८ जोईपहरास्थित जोईपहरा सामुदायिक जंगलबाट भरूवा बन्दुक ३ थान प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय गलकोट र प्रहरी चौकी हटियाबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो।

यसैगरी ताराखोला गाउँपालिका-४ नागबेलीस्थित नागबेली खोलाको किनारबाट भरूवा बन्दुक ४ थान प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय ताराखोला र इलाका प्रहरी कार्यालय गलकोटबाट खटिएको प्रहरी उक्त बन्दुक फेला पारी बरामद गरेको हो। यसैगरी तमानखोला गाउँपालिका-६ स्थित नर्जाखानी सार्वजनिक जंगलबाट भरूवा बन्दुक १ थान प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय बुर्तिबाङ र प्रहरी चौकी बोङगाबोभानबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## पेस्तोल र एकनाले भरूवा बन्दुक बरामद

***काठमाडौं ,१८ माघ***

मकवानपुर, बकैया गाउँपालिका-३ चिसापानीस्थित गोरेटो बाटो छेउबाट पेस्तोल २ थान र म्याग्जिन २ थान प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय फापरवारीबाट खटिएको प्रहरीले उक्त पेस्तोल फेला पारी बरामद गरेको हो।

बागलुङ, ढोरपाटन नगरपालिका-६ चामिद्धारास्थित चामिद्धार सार्वजनिक जंगलबाट एकनाले भरूवा बन्दुक ४ थान प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय बुर्तिबाङबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## कटुवा पेस्तोल र भरूवा बन्दुक बरामद

***काठमाडौं, २१ माघ***

बाँके ,नेपालगंज उपमहानगरपालिका-२१ पुरैनाबाट कटुवा पेस्तोल १ थान र कार्टिज २ थान प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी तेलियनपुरबाट खटिएको प्रहरीले सोही ठाउँस्थित खेतमा रहेको परालको कुन्युमा लुकाई छिपाई राखिएको उक्त पेस्तोल फेला पारी बरामद गरेको हो।

बागलुङ ,काठेखोला गाउँपालिका-३ धम्जा साइकट्टास्थित जंगल छेउबाट एकनाले भरूवा बन्दुक २ थान मं प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी बिहुबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो।

म्याग्दी ,रघुगंगा गाउँपालिका-६ स्थित रायखोर जंगलबाट भरूवा बन्दुक १ थान प्रहरीले बरामद गरेको छ । प्रहरी चौकी पाखापानीबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## १४ थान भरूवा बन्दुक बरामद

***प्युठान, २७ माघ***

सरूमारानी गाउँपालिका-६ बुढीचौरस्थित पाखाबारीबाट भरूवा बन्दुक १३ थान र भरूवा बन्दुकमा प्रयोग हुने नाल २ थान प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी बड्डाँडाबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो। यसैगरी प्युठान ,मल्लरानी गाउँपालिका-५ सरङकोटस्थित खरबारीबाट भरूवा बन्दुक १ थान प्रहरीले बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय प्युठानबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## स्रोत नखुलेको नगद सहित पक्राउ

***कैलाली, ७ माघ***

टिकापुर नगरपालिका-९ खक्रौलाबाट स्रोत नखुलेको नगद ६ लाख रूपैयाँ सहित भारत लखिमपुर खिरी बस्ने ४० वर्षीय अतिक अंसारीलाई प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय टिकापुर र प्रहरी चौकी कालाकुण्डाबाट खटिएको प्रहरीले युपि २५ एपि ०००७ नम्बरको कारमा सवार उनलाई उक्त नगद सहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जुवातास खेलिरहेको अवस्थामा ११ जना पक्राउ

***कैलाली, ५ माघ***

धनगढी उपमहानगरपालिका-१३ झलारी गाँउस्थित बारीमा जुवातास खेलिरहेको अवस्थामा सोही उपमहानगरपालिका बस्ने १३-४२ वर्षीय रामचरण चौधरी लगायत ११ जनालाई प्रहरीले पक्राउ गरेको छ। वडा प्रहरी कार्यालय धनगढीबाट खटिएको प्रहरीले उनीहरूलाई नगद २ लाख ५ सय रूपैयाँ र ६ बुक तास सहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# उत्कृष्ट अनुसन्धान

### मुद्दा शीर्षक –जबरजस्ती करणी

मिति २०८२।१०।०१ गते विहान अ.०७:०० बजेको समयमा का.जि.का.म.न.पा.वडा न.२६ ठमेल स्थित होटेल वुबो हिमालयनको कोठा न.४०२ मा प्रतिवादी सुरज महर्जनले जाहेरवाली पीडितलाई मादक पदार्थ सेवन गराई जाहेरवालिको ईच्छा विपरीत मन्जुरी विना जवरजस्ती करणी गरेको हुँदा कानून बमोजिम कारवाही होस भन्ने पीडित परिवर्तित नाम लैनचौर ७(०८२/०८३) को जाहेरी दरखास्त प्राप्त भएकोमा निज प्रतिवादीलाई अनुसन्धान पश्चात सम्मानित अदालत पेश हुँदा मिति २०८२।११।०१ गते का.जि.अ.को आदेशले पक्राउ प्रतिवादिलाई मुद्दा पूर्पक्षको लागि थुनामा राख्न आदेश भई थुनामा गएको।

### मुद्दा शीर्षक –जबरजस्ती करणी

जिल्ला गुल्मी रुरुक्षेत्र गाउँपालिका वडा नं. ०१ थोर्गा बस्ने वर्ष २४ को लक्ष्मण वि.क.ले मेरी नाबालिका छोरी परिवर्तित नाम (०८२।०८३) ४७ (ढ)लाई जिल्ला पाल्पा तानसेन नगरपालिका वडा नं. २ मेहलधारा स्थित निज प्रतिवादीले आफ्नो डेरा कोठामा बोलाई मिति २०७९ मंसिर महिनाको १४ गते देखि निरन्तर रुपमा करणी गर्दै अन्तिम पटक मिति २०७९ पुष महिनाको ११ गतेको बिहान अं.०९:०० बजेको समयसम्म ललाई फकाई खाना/खाजा खुवाउने प्रलोभन देखाई जबरजस्ती करणी गरेको हुँदा निज प्रतिवादी लक्ष्मण वि.क.लाई पक्राउ गरी कानून बमोजिम कारबाही गरी पाउँ भनी पीडितको बुबा परिवर्तित नाम (०८२।०८३) ४७ (ढ) को मिति २०८२।१०।०३ गते जाहेरी दरखास्त प्राप्त भएकोमा निज प्रतिवादीलाई अनुसन्धान पश्चात सम्मानित अदालत पेश हुँदा मिति २०८२।१०।२८ गतेको सम्मानित पाल्पा जिल्ला अदातलको थुनछेक आदेशले प्रतिवादी लक्ष्मण वि.क. पूर्पक्षको लागि कारागार चलान भएको।

### मुद्दा शीर्षक – बैंक डाँका चोरी

मिति २०८२।०९।२९ गते अ. १९:३० बजेको समयमा जिल्ला सिन्धुली घ्याङलेख गाउँपालिका वडा नं. २ हायुटार स्थितमा रहेको एस.बि.आई बैक शाखा कार्यालयमा ५/६ जना नकाबधारी मानिसहरुले खुकुरी र पुस्तोल देखाई बैकम रहेको नगद रकम चोरी गरी लगेको सोही बैकको गार्ड रुद्र बहादुर कार्की तथा उक्त बैंकमा रहेका कर्मचारीहरु समेतलाई नियन्त्रणमा लिई खुकुरी समेत प्रहार गरी सामान्य घाईते बनाई बैंक भित्र छिरी नगद रु.३०७०००००( तिन करोड सात लाख) लुटि लगेकोमा सो घट्नामा संलग्न प्रतिवादीहरु खोजतालस गर्दै जाने क्रममा प्रतिवादीहरु छविलाल स्यङतान, भगत सिंह थापा,विविक मगर, शशांक श्रेष्ठ, मिलन गिरी, परिवर्तित नाम ०८२।०८३ सिन्धुली (९), चतुरमान बजु र ज्ञान बाहदुर भ्लोन तामाङ समेतलाई पक्राउ भन्ने समेत व्यहोराको जाहेरी दरखस्त प्राप्त भएकोमा निज प्रतिवादीलाई पक्राउ गरी अनुसन्धान पश्चात पेश हुँदा अनुसन्धान पश्चात अनुसन्धान प्रतिवेदन सहितको मिसिल पेश गरेकोमा सम्मानित सिन्धुली जिल्ला अदालतबाट मिति २०८२।१०।२७ गतेमा निज प्रतिवादीलाई पूर्पक्षको लागी कारारगर चलन र १ बालकलाई बालसुधार गृह भक्तपुर पठाईए

### मुद्दा शीर्षक – कर्तव्य ज्यान

मिति २०८२।०७।३० गते दिनको अं. १६:०० बजेको समयमा जिल्ला रोल्पा परिवर्तित गाँउपालिका वडा नं. ०१ कुरेली डालीम स्थायी वतन भई हाल जिल्ला दाङ घोराही उप-महा नगरपालिका वडा नं. १८ गिठेपानी स्थित स्टेशनरी पसल संचालन गरी बस्ने बर्ष २५ की सिता सुनारलाई निजको श्रीमान जिल्ला रोल्पा परिवर्तित गाँउपालिका वडा नं. ०१ कुरेली बस्ने बर्ष २३ को सन्जु सुनारले स्टेशनरी पसल रहेको कोठा भित्र हातले घाटी थिचेर हत्या गरेकोले निजलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा निज प्रतिवादीलाई पक्राउ गरी अनुसन्धान पश्चात पेश हुँदा सम्मानित दाङ जिल्ला अदालत घोराही दाङको मिति २०८२।०८।२५ गतेको आदेशले प्रतिवादी पूर्पक्षको लागि कारागार चलान।

### मुद्दा शीर्षक – ज्यान सम्बन्धी कसूरबाट कर्तव्य ज्यानमा परिणत

अन्यायी अमिन शाहीले मिति २०८२।०७।२२ गते राति हामी सबै घरपरिवार सुतिसकेपछी भाउजु सुतेको कोठा भित्र पसी भाउजुलाई हत्या गरेको हुँदा अन्यायीलाई कानून बमोजिम गरी पाउँ भन्ने व्यहोराको नृप शाहीको पुरक जाहेरी दरखस्त प्राप्त भएकोमा निज प्रतिवादीलाई पक्राउ गरी अनुसन्धान पश्चात पेश हुँदा सम्मानित कालीकोट जिल्ला अदालत कालीकोटको आदेशले प्रतिवादी अमिन शाहीलाई थुनामा राखि मुद्दाको पूर्पक्ष गर्नु पर्ने भएको हुँदा निज पूर्पक्षको लागि कारागार चलान भएको।

### मुद्दा शीर्षक – ज.ज.क. तथा कर्तव्य ज्यान

जि.दैलेख भैरवी गा.पा. वडा न.०३ कोइरालागाउँ बस्ने वर्ष ५२ की पटुदेवि उपाध्याय मानसिक असन्तुलन भई हिडने गरेकोमा निजलाई ऐ.ऐ.०४ बस्ने वर्ष ५२ को महेन्द्र बहादुर शाहीले मिति २०८२।०७।१६ गते राति११;३० बजेको समयमा ज.ज.क.गरी कर्तव्य गरी मारेको हुँदा कानून बमोजिम कारवाही गरी पाँउ भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा निज प्रतिवादीलाई पक्राउ गरी अनुसन्धान पश्चात पेश हुँदा सम्मानित जिल्ला अदालत दैलेखको मिति २०८२।०८।१७ गतेको आदेशले प्रतिवादी पूर्पक्षको लागि कारागार चलान भएको।

### मुद्दा शीर्षक – मानव बेचबिखन तथा ओसारपसार

मिति २०८२।०८।१८ गते देखी ऐ. २९ गतेसम्म जिल्ला चितवन भरतपुर महानगरपालिका वडा नं.१ स्थित नारायणी सेकुवा एण्ड खाजा घरमा नाम परिवर्तित ३५ भरतपुर (१८), परिवर्तित नाम ३५ भरतपुर (१९), परिवर्तित नाम ३५ भरतपुर (२०), परिवर्तित नाम ३५ भरतपुर (२१) लाई नारायणी सेकुवा एण्ड खाजा घरका संचालक सुमन बहादुर ठकुरीले खाजा घरमा भाँडा माझ्ने काम गर्न भनी राखेकोमा मिति २०८२।०८।१८ गतेदेखी ऐ.२९ गतेसम्म खाजा घरमा आउने ग्राहकसँग यौन सम्पर्क गर्न लगाएको भनी माईती नेपालको प्रतिनिधि कोपिला छुमीको जाहेरी दरखास्त प्राप्त भई अनुसन्धान पश्चात सम्मानित चितवन जिल्ला अदालतमा पेस हुँदा सम्मानित अदालतको मिति २०८२।०९।२८ गतेको आदेशले प्रतिवादी पूर्पक्षको लागि कारागार चलान भएको।

### मुद्दा शीर्षक –जबरजस्ती करणी

मिति २०८१।०२।०९ गते अं. ११:०० बजेको समयमा मेरो देवर परिवर्तित नाम ५१ "ट" चन्द्रौटा )एक्कासी मेरो घरमा आई जवरजस्ती करणी गरेको हुँदा निज प्रतिवादीलाई कानून बमोजिम कारवाही गरी पाँउ भन्ने ब्यहोराको परिवर्तित नाम ५१(झ) चन्द्रौटाको जाहेरी दरखास्त प्राप्त भएकोमा निज प्रतिवादीलाई अनुसन्धान पश्चात सम्मानित अदालत पेश हुँदा सम्मानित कपिलवस्तु जिल्ला अदालत तौलिहवाको मिति २०८२।१०।२५ गतेको आदेशले निज प्रतिवादी परिवर्तित नाम ५१(ट) चन्द्रौटा लाई पुर्पक्षको लागि कारागार चलान।

मासिक ई-बुलेटिन

।

## सम्पादक मण्डल :

**प्रकाशक**

नेपाल प्रहरी प्रधान कार्यालय,
अपराध अनुसन्धान विभाग, नक्साल

**प्रमुख सल्लाहकार**

प्रहरी अतिरिक्त महानिरीक्षक सुशिल सिंह राठौर

**सल्लाहकार**

प्रहरी वरिष्ठ उपरीक्षक नकुल पोखरेल
प्रहरी उपरीक्षक प्रदिप कुमार सिंह

**सम्पादक**

प्रहरी निरीक्षक केबि गुरुङ

**संकलन**

प्रहरी सहायक निरीक्षक दुर्गा लक्ष्मी बस्नेत

**ले-आउट/ग्राफिक्स**

प्रहरी बरिष्ठ हवल्दार कल्पना राई

## सम्पर्कको लागि :

**नेपाल प्रहरी प्रधान कार्यालय,**
**अपराध अनुसन्धान विभाग ,नक्साल काठमाडौं**
**०१-५७१९८६८**

**E-mail: cicu@nepalpolice.gov.np**

**बालबालिका खोजतलास समन्वय केन्द्र : १०४**